माडी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वसन्तपुर, चितवन

सूचनाको हकसम्वन्धी ऐन, २०६४, को दफा ५(३)

र

नियमावलीको नियम ३ वमोजिम

## सार्वजनिक गरिएको विवरण

*अफिसियल वेवसाईट :- www.madimunchitwan.gov.np*
*अफिसियल इमेल : dms.maddimunchitwan@gmail.com*
*अफिसियल फेसवुक :- हेल्लो माडी नगरपालिका*
*फोन नम्वर :- 056501041 / 056501021*

CS CamScanner

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बसन्तपुर, चितवन बागमती प्रदेश, नेपाल

# सूचनाको हकसम्बन्धी ऐन, २०६४, को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## १) सूचना सार्वजनिक गर्ने निकायको नाम

- माडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## २) सूचना सार्वजनिक गरेको अवधि

- वार्षिक - प्रथम त्रैमासिक -कार्तिक, मंसिर र पौष) आ.व. : २०८१/०८२

## ३) कार्यालयको स्वरुप र प्रकृति

- साविकका ४ वटा गा.वि.स.हरु अयोध्यापुरी, माडी कल्याणपुर , बघौडा र गर्दीलाई समेटेर वि.सं. २०७३ सालमा माडी नगरपालिका घोषणा भएको
- यसको सिमानामा पूर्वमापर्सा जिल्ला, पश्चिममा चितवन राष्ट्रिय निकुञ्ज, उत्तरमाचितवन राष्ट्रिय निकुञ्ज र दक्षिणमा पर्सा जिल्ला र भारत
- भौगोलिक अवस्थिति अनुसार यस नगरपालिका ८४ डिग्री १५ मिनेट २० सेकेण्ड देखि ८४ डिग्री ३२ मिनेट ३३ सेकेण्ड पूर्वी देशान्तर सम्म फैलिएको र २७ डिग्री २१ मिनेट, १६ सेकेण्ड देखि २७ डिग्री ३० मिनेट ४९ सेकेण्ड उत्तरी अक्षांस सम्म फैलिएको क्षेत्रफल २१८.५२ वर्ग कि.मी. रहेको छ । यस नगरपालिकाको उत्तर दक्षिणको लम्वाई २९.११ कि.मि.
- माण्डव्य ऋषिले यस भूमीमा तपस्या गरेर यहाँका बासिन्दाहरुलाई मार्ग दर्शन गर्नु भएको र माण्डव्य ऋषिको तपस्थली भएकाले माडी भनिएको भन्ने किम्बदन्ती
- यहाँका आदीबासी थारुहरुले आफ्नो भाषामा पानी जमेको स्थानलाई माड् भन्ने गरेका र माडी उपत्यका भित्र पानी जमेको देखेर थारुहरुले माड्-माड् भन्दै आउदा माडी नाम रहेको आदीबासी थारुजातीका वुढापाका, बुद्धिजिवीहरुको कथन रहेको

## ४) काम कर्तव्य र अधिकार

- सहकारी संस्था व्यवस्थापन
- स्थानीय कर सेवा शुल्क र दस्तुर
- एफ एम् सञ्चालन
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्याकं संकलन अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना र परियोजना
- आधारभूत र माध्यामिक शिक्षा
- आधारभूत स्वास्थ्य तथा सरसरफाई
- स्थानीय बजार व्यवस्थापन वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक ग्रामिण सडक कृषि सडक र सिंचाई
- नगर सभा मेलमिलाप तथा मध्यस्तताको व्यवस्थापन
- बेरोजगार तथ्यांक संकलन
- स्थानीय अभिलेख व्यवस्थापन
- जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण
- कृषि तथा पशुपालन कृषि व्यवस्थापन पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक अपागंता भएका व्यक्ति र अशक्तको व्यवस्थापन
- कृषि प्रसारको व्यवस्थापन सञ्चालन र नियन्त्रण
- खानेपानी तथा वैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधार वन्यजन्तु खानी तथा खनीज पदार्थको संरक्षण
- भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास
- नगर प्रहरी व्यवस्थापन

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## ५) कार्यालय (स्वास्थ्य संस्थाहरुमा समेत) मा रहने कर्मचारी संख्या र कार्य विवरण

| क्र.सं. | कार्यालय | स्थायी कर्मचारी | करार कर्मचारी | दैनिक ज्यालादारी | कुल |
|---|---|---|---|---|---|
| १ | नगर कार्यपालिका तथा वडा कार्यालय | ३१ | ५९ | १९ | १०९ |
| २ | स्वास्थ्य संस्थाहरु | ३५ | ६७ | ३ | १०५ |
| ३ | कुल | ६६ | १२६ | २२ | २१४ |

## ६) निकायबाट प्रदान गरिने सेवा

- नागरिक वडापत्र, २०७९/८० अनुसार

## ७) निर्णय गर्ने प्रक्रिया र अधिकार

- नगर सभा - नगर कार्यपालिका - विषयगत समिति - विषयगत शाखा तथा वडा कार्यालय

## ८) निर्णय उपर उजुरी सुन्ने अधिकारी

- सम्वन्धीत शाखाको शाखा प्रमुख र शाखा प्रमुखबाट समेत चित्त नबुझेमा प्रमुख प्रशासकीय अधिकृत
- नगरपालिकाको समग्र विषयवस्तु - नगर प्रमुख
- न्यायिक विषय - नगर उप-प्रमुख

## ९) सम्पादन गरेको कामको विवरण

- कृषि सेवा केन्द्र वडा नं. १, ७ र ९मा विस्तार
- चितवन राष्ट्रिय निकुञ्जको वरपरको झाडी फाल्ने कार्यसम्पन्न
- प्रथम सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न
- नागरिकताको अनलाइन प्रणालीबाट सिफारिस गर्ने प्रणाली सञ्चालन
- भूमिगत पाईप लाईनिङ्ग कार्यक्रम मार्फत् सिँचाई क्षेत्र विस्तार गरी पूर्ण सिञ्चित माडीको अभियानलाई निरन्तरता दिईएको
- कृषि क्षेत्रको सम्भावना र वस्तुगत अवस्थालाई मध्यनजर गर्दै धान, मकै, फलफूल, तरकारी, लगायतका वालीहरुको वडा लक्षित कार्यक्रम सञ्चालनमा ल्याईएको
- कृषि उत्पादनलाई बजारिकरणसँग जोड्दै कृषकहरुलाई प्रोत्साहित गर्न हाट बजार सञ्चालन गर्ने गरी प्रकृया सुरु गरिएको
- नगरपालिकाद्वारा सञ्चालित माडी भेटेरिनरी अस्पतालमार्फत् यस आर्थिक वर्षमा हालसम्म ७४६ पशुहरुमा कृत्रिम गर्भाधान सेवा, ६४९ कुकुरलाई रेबिज भ्याक्सिन, १२६७ गाईमा लम्पी स्किन रोग बिरुद्ध भ्याक्सिन, १०१ पशुपन्छीमा सर्जिकल उपचार सेवा, १९२ पशुपन्छीको पोष्टमार्टम सेवा, ३३१ पशुको बन्ध्याकरण सेवा सहित अन्य १३१२ पशुपन्छीको मेडिकल उपचार सेवा सहित कुल २२९४५ पशुपन्छीलाई सेवा प्रदान गरिएको
- माडी नगरपालिका वडा नं ८ शिवद्वारमा रेबिज लागेको कुकुरको टोकाईबाट संक्रमण फैलिएको हुनसक्ने अवस्थाको मध्यनजर गर्दै २४ वटा पशुमा ५ पटक रेबिज बिरुद्दको खोप लगाईएको
- माडी नगरपालिकामा देखिएका विभिन्न पशुपन्छीजन्य रोगहरुको निदानका लागि ११ पटक केन्द्रिय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा नमुना पठाईएको

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

- २०८१ पौष २२ गतेबाट माडी नगरपालिकामा गर्ववतिको लागि ग्रामिण अल्ट्रासाउण्ड चक्न कार्यक्रम सुरुवात गरिएको
- ३९ लाखको औषधि टेण्डर गरिएकोमा २७ लाखमा बोलपत्र निश्चित भई औषधि आउने क्रममा रहेको
- २०८१ फाल्गुण १ गतेदेखि लागु हुने गरी फागुन साईकलको ३७४ घरधुरीको स्वास्थ्य वीमा गरिएको
- नसर्ने रोग सम्बन्धि मुख्यमन्त्री जनता स्वास्थ्य परिक्षण कार्यक्रम ४ स्वास्थ्य संस्थाहरु गर्दी स्वास्थ्य चौकी बघौडा अस्पताल कल्याणपुर स्वास्थ्य चौकी र अयोध्यापुरी स्वास्थ्य चौकीमा लागु गरिएको
- बघौडा अस्पतालमा २०८१ मंसिर १६ गतेबाट ज्क्ष/ब्क्ष्म् को उपचार गर्न ब्च्त स्थापना गरिएको
- नगर कार्यपालिकाको कार्यालयमा स्तनपान कक्ष स्थापना
- सुरक्षित आप्रवासन सामी कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा वडा नं १ बरुवा वडा नं ४ सितलपुरमा नगर कार्यपालिकाबाट छनौट भई सुरुवात भैरहेको र ५ वटा समूहमा गरी करिब १५० जना सहभागीहरुलाई गहन अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको मनोसामाजिक परामर्श कार्यक्रम अन्तरगत व्यक्तिगत परामर्श ३५ जनालाई गरिएको जसमध्य समाधान भएको ७ वटा सामुहिक परामर्श २५ जनालाई गरिएको
- हालसम्म उपभोक्ता समितिमार्फत् सञ्चालन भएका योजनाहरु ७७ ई बिडिङ्ग मार्फत् १० संस्था मार्फत् सम्झौता भएका योजनाहरु १७ अमानत मार्फत् २० र कोटेशन मार्फत् २ गरी कुल १२५ योजना सम्झौता भएका छन् । जसमध्य १४ वटा योजनाले कार्यसम्पन्न गरी अन्तीम भुक्तानी लगिसकेको अवस्था छ ।

**१०) कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण**

- कार्यालय प्रमुखको नाम : शेषकान्त पौडेल, प्रमुख प्रशासकीय अधिकृत, ९८५५०५०३०६
- सूचना अधिकारीको नाम : प्रवीण भण्डारी, सूचना प्रविधि अधिकृत, ९८५५०१४०३६

**११) ऐन, नियम, विनियम वा निर्देशिकाको विवरण**

- नियमावली - ४
- निर्देशिका - ५
- कार्यविधि - ४७
- ऐन - ७

**१२) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण**

**आम्दानी तर्फ**

| अपेक्षित आय (रु.) | यथार्थ आय (रु.) | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|
| ९६,६७,०८,३५९.३४ | ३९३३६६२२४.५६ | ४०.६९ | |

**खर्च तर्फ**

| विवरण | विनियोजित रकम (रु.) | खर्च रकम (रु.) | प्रगति प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ६४,८५,०२,०४५.६८ | १८४४३४०३६.९५ | २८.४४ |
| पुजिँगत तर्फ | ३१,८२,०६,३१३.६६ | ३६५०१२९४.१८ | ११.४७ |
| कुल | ९६,६७,०८,३५९.३४ | २२०९३५३३०.९५ | २२.८५ |

प्रमुख प्रशासकीय अधिकृत

नगर माडी नगरपालिका
कार्यपालिकाको कार्यालय
बसन्तपुर,चितवन
बागमती प्रदेश,नेपाल
२०७३

**१३) सार्वजनिक निकायको बेभसाईट भए सो को विवरण**

- www.madimunchitwan.gov.np

**१४) सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**

लिखित रुपमा सूचना माग भएको संख्या : १
सूचना माग गर्ने व्यक्ति : रुक्सना कपाली
सूचना दिने प्रक्रियामा रहेको

..................
(प्रवीण भण्डारी)
सूचना अधिकारी

२०८१।१०।०६
..................
(शेषकान्त पौडेल)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**मिति : २०८१ माघ ०६ गते आइतबार**

CamScanner